# Kalinchowk Darshan Limited

Kathmandu, Nepal, https://kalinchowkdarshan.com.np

Phone no: +977 5913710

## आर्थिक वर्ष २०८२/८३ को तृतीय त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित

अनुसूची-१४

**कालिन्चोक दर्शन लिमिटेडको आर्थिक वर्ष २०८२/८३ को तृतीय त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण**

कम्पनीको हिसावकिताब लेखाङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ (२०२५/२०२६) को २०८२ माघ १ देखि चैत्र ३० (१५ जनवरी,२०२६ देखि १३ अप्रिल, २०२६) सम्म को विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०८२/८३ को तृतीय त्रैमासिक अवधिको वासलात र नाफानोक्सान सम्बन्धी विवरण :

आर्थिक वर्ष २०८२/८३ को कम्पनीको तृतीय त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तीय विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ। तृतीय त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरुबिच कम्पनीको नियमित व्यवसायिक कारोबारबाहेक अन्य कुनै कारोबार नभएको।

(ख) कम्पनीको तृतीय त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपात:

| विवरण | यस आ. व. को तृतीय त्रैमासिक अवधि (चैत्र ३० २०८२) को अन्त्यमा | गत आ. व. को तृतीय त्रैमासिक अवधि (चैत्र ३१ २०८१ को अन्त्यमा) | यस आ. व. को दोश्रो त्रैमासिक अवधि (पौष ३०, २०८२ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुंजीको अनुपात | ०.०७ | ०.१४ | ०.०९ |
| शेयरधनीको शेयर पुंजी कोषको प्रतिफल | ७.३१% | ३.९९% | १.८५% |
| प्रतिशेयर आम्दानी (रु) | १०.५२ | ४.१४ | ३.९७ |
| प्रतिशेयर नेटवोर्थ (रु) | १०७.९४ | १०३.८० | १०७.३६ |
| प्रतिशेयर कुल सम्पतिको मूल्य (रु) | १३१.२७ | १३०.५८ | १३०.६४ |
| प्रतिशेयर बजार मूल्य (रु) | ८७२.१ | १०९१.६० | ७८६.०० |
| प्राइस अर्निङ् रेसियो (टाइम्स ) | ८२.८८ | २६३.८३ | १९७.७७ |
| चालु अनुपात | १.४१ | २.१२ | ०.९८ |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्मको तथ्यांकको आधारमा गत वर्षको तुलनामा बाह्य तथा आन्तरीक पर्यटकहरुको क्रमिक रुपमा सुधार आएको छ।

(ख) यस अवधीमा कम्पनीले अन्य पर्यटन प्रर्बधनको लागि होटल, रिर्साट तथा अन्य आयमुलक व्यवसाय गर्नको लागि योजनाबद्ध रुपले कार्य गर्दै आएको छ।

(ग) प्रतिस्पर्धी पर्यटन व्यवसायमा यस कम्पनीले प्राकृतिक वातावरण तथा स्थानिय रमणिय स्थानहरुको समुचित उपयोग गर्ने र न्यूनतम खर्चमा अधिकतम नाफा आर्जन गर्ने लक्ष्य लिएको छ।

(घ) कम्पनीले कर्जाको साँवा ब्याज तोकिएको समयमा भुक्तानी गर्दै आएको छ।

(ङ) कम्पनीले आ. व. २०८२.०५.१२ मा कालिन्चोक इन्भेस्टमेण्ट लिमिटेडको स्वामित्व ८६.४८% बाट ३८.३४% मा घटेकोले सो Subsidiary कम्पनीमाथि नियन्त्रण समाप्त भई हालदेखि सो लगानीलाई Associate कम्पनीको रुपमा लेखा गरिएको छ।

च) ११ औं वार्षिक साधारण सभाबाट पारित ५% बोनस शेयर नेप्सेमा सूचिकृत भई कायम भएको रु. ६३ करोड चुक्ता पूँजीमा सोही सभाकै निर्णय बमोजिम १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्न धितोपत्र बोर्ड (SEBON) मा निवेदन पेश गरिएको छ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) यस अवधीमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०८२/०८३ को तृतीय त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०८२/०८३ को तृतीय त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने भएकोले यस विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को तृतीय त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| तृतीय त्रैमासिक (चैत्र ३० २०८२ तदनुसार अप्रिल १३, २०२६ सम्म) | शेयर कारोबार- मूल्य (रु.) | | | कुल शेयरको कारोबार- दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कुल कारोबार शेयर संख्या | कारोबार रकम |
| | १,१८५ | ७७५ | ८७२.१ | ५३ | ४,२८,०९८ | ३९,३३,५१,१२३.३० |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

**(आ) बाह्य**

१. यस आर्थिक वर्षमा भदौ २४ को आन्दोलनबाट भौतिक सम्पत्तिमा भएको क्षतिको लेखाङ्कन भदौ २४ गते भएको आन्दोलनका कारण कम्पनीका केही भौतिक सम्पत्तिहरूमा क्षति पुगेको छ। यस सम्बन्धमा नेपाल लेखामान १६ (NAS 16 Property, Plant and Equipment) र नेपाल लेखामान ३६ (NAS 36 Impairment of Assets) को व्यवस्था बमोजिम निम्न अनुसार लेखाङ्कन गरिएको छ :

- **पूर्ण क्षति भएका सम्पत्ति:** मर्मत हुन नसक्ने गरी पूर्ण रूपमा क्षति भएका सम्पत्तिहरूलाई NAS 16 को व्यवस्था अनुरूप हिसाबबाट हटाइएको (Derecognize) छ। सो बापतको रु. ११,५६,५९१ लाई नाफा-नोक्सान विवरणमा खर्चको रूपमा देखाइएको छ।
- **आंशिक क्षति भएका सम्पत्ति:** आंशिक रूपमा क्षति पुगेका बाँकी सम्पत्तिहरूको हकमा NAS 36 बमोजिम ह्रास परीक्षण (Impairment Testing) गरिएको छ। परीक्षणबाट Recoverable Amount उच्च देखिएको हुँदा हाललाई कुनै अतिरिक्त नोक्सानी (Impairment Loss) लेखाङ्कन गरिएको छैन।
- **बीमा दाबी:** क्षतिग्रस्त सम्पत्तिहरू बापतको बीमा दाबी रु. ३,५३,५९,००५ लाई सम्बन्धित लेखामान अनुसार आम्दानीको रूपमा लेखाङ्कन गरिएको छ।

२. आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा अझै सुधार तथा विस्तार हुन नसक्नु।

३. परिर्वतनसिल राष्ट्रिय नीति नियमका कारण पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव।

४. आर्थिक मन्दि तथा राजनैतिक अवस्थाको प्रभाव।

५. आकास्मिक रुपमा आईपर्ने कुनै पनि असहज परिर्वतन।

६. विदेशी विनियम दरमा आउने परिवर्तन।

**(ख) रणनीति :**

क) कम्पनीको साधारणसभाले निर्धारण गरेका तथा नियमावली र प्रबन्धपत्रमा उल्लेखित उदेश्य परिपुर्ति गर्नका लागि सहायक कम्पनीको स्थापना गरिएको छ। कम्पनीलाई थप व्यवसायीक प्रयोजनमा ल्याईने छ।

ख) कम्पनीमा उपलब्ध सबै सम्साधनको समुचित उपयोग गरि संचालन खर्चमा मितव्ययीता ल्याईने छ। अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापन गर्न प्राथमिकता दिइने छ।

ग) स्थानीय तथा शेयरधनीहरुका लागि केबलकार टिकटमा विषेश सहुलियत दिने व्यवस्था मिलाइएको छ।

**६. संस्थागत सुशासन :-**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण :**

(क) कम्पनीले लेखापरीक्षक छनौट गरि आन्तरिक तथा बाह्य लेखापरीक्षण गराउने तथा लेखापरीक्षकबाट प्राप्त सुझावहरुको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्ने गरिएको छ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी विस्तृत छलफल हुने गरेको छ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण रुपमा परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पालना गर्ने व्यवस्था मिलाईएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।

अनुसूची-१

## Kalinchowk Darshan Limited

Kathmandu, Nepal

### Consolidated Statement of Unaudited Financial Position

### As on 30th Chaitra 2083 (13th April 2026)

| Particulars (Unaudited) | Group Balance: Upto this Quarter ending on 30th Chaitra 2082(13th April 2026) | Group Balance: Corresponding Previous Quarter ending on 31st Chaitra 2081 (12th April 2025) | Group Balance: Upto Previous Quarter ending on 30th Poush, 2082 (14th January, 2026) | Holding Balance: Upto this Quarter ending on 30th Chaitra 2082(13th April 2026) | Holding Balance: Corresponding Previous Quarter ending on 31st Chaitra 2081 (12th April 2025) | Holding Balance: Upto Previous Quarter ending on 30th Poush, 2082 (14th January, 2026) |
|---|---|---|---|---|---|---|
| | (Uaudited) | (Audited) | (Unaudited) | (Uaudited) | (Audited) | (Unaudited) |
| **ASSETS** | | | | | | |
| **NON CURRENT ASSETS** | | | | | | |
| Property, plant & equipment (Net block) | 478,885,926 | 485,738,127 | 484,427,397 | 478,885,926 | 485,738,127 | 484,427,397 |
| Intangible Assets | 143,507 | 293,025 | 151,949 | 143,507 | 293,025 | 151,949 |
| Right of Use Assets | 3,875,038 | 941,350 | 173,655 | 3,875,038 | 941,350 | 173,655 |
| Deferred tax assets (Net) | - | - | - | - | - | - |
| Investment Property | - | 204,199,160 | - | - | - | - |
| **Financial assets** | - | - | - | - | - | - |
| Other non current assets | 300,000 | 300,000 | 300,000 | 300,000 | 300,000 | 300,000 |
| Investment in Associate | 215,073,960 | - | 214,974,721 | 214,700,000 | 214,778,640 | 214,700,000 |
| Financial Assets Carried at Amortised Cost | 2,043,563 | 2,043,563 | 2,087,125 | 2,043,563 | 2,043,563 | 2,087,125 |
| | - | - | - | - | - | - |
| **CURRENT ASSETS** | - | - | - | - | - | - |
| **Financial assets** | - | - | - | - | - | - |
| Trade and other receivable | 24,300,278 | 7,409,506 | 6,046,736 | 24,300,278 | 5,318,221 | 6,046,736 |
| Cash & cash equivalents | 26,463,092 | 66,061,347 | 11,240,091 | 26,463,092 | 9,287,471 | 11,240,091 |
| Other financial assets | 11,738,853 | 1,176,900 | 101,955 | 11,738,853 | 1,174,654 | 101,955 |
| Other current assets | 64,191,352 | 15,294,021 | 64,337,334 | 64,191,351 | 15,294,021 | 64,337,333 |
| **TOTAL ASSETS** | **827,015,569** | **783,456,999** | **783,840,961** | **826,641,607** | **735,169,073** | **783,566,240** |
| | | | - | | | |
| **EQUITY & LIABILITIES** | | - | - | | | |
| **EQUITY** | - | - | - | - | - | - |
| Equity share capital | 630,000,000 | 600,000,000 | 600,000,000 | 630,000,000 | 600,000,000 | 600,000,000 |
| Reserve & surplus | 50,392,790 | 22,773,098 | 44,175,495 | 50,018,830 | 22,753,401 | 43,900,775 |
| Advance for Share Capital | - | - | - | - | - | - |
| | - | - | - | - | - | - |
| **NON-CONTROLLING INTEREST** | - | 48,213,421 | - | - | - | - |
| | - | - | - | - | - | - |
| **NON-CURRENT LIABILITIES** | - | - | - | - | - | - |
| Long Term Borrowings | 27,465,219 | 48,265,896 | 33,798,162 | 27,465,219 | 48,265,896 | 33,798,162 |
| Deferred tax liabilities (Net) | 26,419,881 | 21,642,939 | 22,558,376 | 26,419,881 | 21,642,939 | 22,558,376 |
| Lease Liabilities | 3,165,782 | 138,179 | - | 3,165,782 | 138,179 | - |
| | - | - | - | - | - | - |
| **CURRENT LIABILITIES** | - | - | - | - | - | - |
| Financial liabilities | - | - | - | - | - | - |
| Trade and other payables | 65,453,801 | 4,455,123 | 56,401,547 | 65,453,801 | 4,400,314 | 56,401,547 |
| Current portion of non-current liabilities | 23,310,860 | 37,000,000 | 26,566,790 | 23,310,860 | 37,000,000 | 26,566,790 |
| Current portion of Lease Liabilities | 722,814 | 869,444 | 255,939 | 722,814 | 869,444 | 255,939 |
| Other current liabilities | 84,392 | 98,902 | 84,652 | 84,392 | 98,902 | 84,652 |
| **TOTAL EQUITY & LIABILITIES** | **827,015,569** | **783,456,999** | **783,840,961** | **826,641,607** | **735,169,073** | **783,566,240** |

### Consolidated Statement of Unaudited Profit or Loss

### For the Quarter Ending 30th Chaitra 2082 (13th April 2026)

| Particulars | Group Balance: Upto this Quarter ending on 30th Chaitra 2082(13th April 2026) | Group Balance: Corresponding Previous Quarter ending on 31st Chaitra 2081 (12th April 2025) | Group Balance: Upto Previous Quarter ending on 30th Poush, 2082 (14th January, 2026) | Holding Balance: Upto this Quarter ending on 30th Chaitra 2082 (13th April 2026) | Holding Balance: Corresponding Previous Quarter ending on 31st Chaitra 2081 (12th April 2025) | Holding Balance: Upto Previous Quarter ending on 30th Poush, 2082 (14th January, 2026) |
|---|---|---|---|---|---|---|
| | (Unaudited) | (Audited) | (Unaudited) | (Unaudited) | (Audited) | (Unaudited) |
| **INCOME** | - | - | - | - | - | - |
| Revenue | 66,585,858 | 58,937,294 | 35,466,726 | 66,585,858 | 58,916,743 | 35,466,726 |
| Cost of revenue | 3,267,489 | 2,626,511 | 1,307,692 | 3,267,489 | 2,626,511 | 1,307,692 |
| **Revenue from operations** | **63,318,369** | **56,310,782** | **34,159,033** | **63,318,369** | **56,290,232** | **34,159,033** |
| - | - | - | - | - | - | - |
| Expenses | - | - | - | - | - | - |
| Employee benefit expenses | 15,444,946 | 9,845,746 | 7,641,137 | 15,444,946 | 9,845,746 | 7,641,137 |
| Depreciation and Amortization | 10,399,572 | 10,538,420 | 7,245,058 | 10,399,572 | 10,538,420 | 7,245,058 |
| Other expenses | 15,217,688 | 9,126,159 | 4,367,221 | 15,217,688 | 8,821,877 | 4,367,221 |
| **Profit / (loss) from operations** | **22,256,163** | **26,800,457** | **14,905,617** | **22,256,163** | **27,084,189** | **14,905,617** |
| - | | - | - | - | - | - |
| Other income | 35,883,775 | 594,648 | 535,434 | 35,883,775 | 594,648 | 535,434 |
| Finance Costs | 4,096,129 | 7,322,604 | 2,955,748 | 4,096,129 | 7,322,604 | 2,955,748 |
| Share of profit of Associate | 28,413 | - | (70,833) | - | - | - |
| **Profit/loss before tax** | **54,072,222** | **20,072,501** | **12,414,470** | **54,043,809** | **20,356,233** | **12,485,303** |
| Less: Tax | - | - | - | - | - | - |
| Current tax | - | - | - | - | - | - |
| Deferred tax income/(expense) | (4,353,284) | (1,227,125) | (491,780) | (4,353,284) | (1,227,125) | (491,780) |
| **Net profit/(loss) for the year** | **49,718,938** | **18,845,376** | **11,922,690** | **49,690,525** | **19,129,108** | **11,993,523** |
| | | | | | - | |
| **Earning per share (Annualized)** | | | | | - | |
| Basic | 10.52 | 4.14 | 3.97 | 10.52 | 4.20 | 4.00 |
| Diluted | 10.52 | 4.14 | 3.97 | 10.52 | 4.20 | 4.00 |